## पाठ १९

१.ती मानिसहरू को थिए जो नोआपछि जन्मिएका थिए ?

- तिनीहरू तपाईंका र मेरा सबैका पुर्खाहरू थिए ।

२. के हाम्रा पुर्खाहरूलाई परमेश्वरको बारेमा थाहा थियो ?

- थियो ।

३. हाम्रा पुर्खाहरूले परमेश्वरको बारेमा कसरी थाहा पाए ?

- पहिलो, हाम्रा पुर्खाहरूले परमेश्वरको बारेमा थाहा पाए किनभने बूढापाखाहरूले तन्नेरीहरूसँग परमेश्वर र उहाँले पठाउनुभएको बाढीको बारेमा कुरा गरे ।

४. बूढापाखाहरू तन्नेरीहरूसँग परमेश्वर र उहाँले पठाउनुभएको बाढीको बारेमा के कुरा गरे ?

- बूढापाखाहरूले तन्नेरीहरूसँग यही भने कि परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ त्यसैले उहाँले नोआ र तिनको परिवारबाहेक सबैको विनाश गर्नुभयो ।

५. हाम्रा पुर्खाले अरू कुन तरिकाद्वारा परमेश्वरको बारेमा थाहा पाए ?

- दोस्रो, हाम्रा पुर्खाले परमेश्वरको बारेमा थाहा पाए किनभने ईन्द्रेणीले तिनीहरूलाई परमेश्वरको बारेमा भन्यो ।

६. ईन्द्रेणीले हाम्रा पुर्खाहरूलाई परमेश्वरको बारेमा के भन्यो ?

- यही कि परमेश्वरले मानिसलाई प्रेम गर्नुहुन्छ र उहाँले अब फेरि कहिल्यै पनि बाढीद्वारा पृथ्वीको विनाश गर्नुहुनेछैन ।

७. हाम्रा पुर्खाले अरू कुन तरिकाद्वारा परमेश्वरको बारेमा थाहा पाए ?

- तेस्रो, हाम्रा पुर्खाहरूले परमेश्वरको बारेमा थाहा पाए किनभने आकाश, पहाड, नदी तथा रूखहरूले परमेश्वरको बारेमा तिनीहरूलाई बताए ।

८. आकाश, पहाड, नदी तथा रूखहरूले परमेश्वरको बारेमा तिनीहरूलाई के बताए ?

- यही कि केवल परमेश्वर मात्रै परमेश्वर हुनुहुन्छ र मानिसले परमेश्वरलाई मात्रै पछ्याउनुपर्छ ।

९. के हाम्रा पुर्खाहरूमध्ये धेरैले परमेश्वरमा विश्वास गरे ?

- गरेनन् ।

- हाम्रा थोरैमात्र पुर्खाहरूले परमेश्वरमा विश्वास गरे ।

१०. परमेश्वरलाई पछ्याउनुभन्दा हाम्रा धेरैजसो पुर्खाहरूले कसलाई पछ्याए ?

- हाम्रा धेरैजसो पुर्खाहरूले शैतानलाई र उसको झूठलाई पछ्याए ।

११. हाम्रा पुर्खाहरूलाई शैतानले के गर्न भन्यो ?

- सूर्य, चन्द्रमा र ताराहरूलाई बलिदान चढाउन भन्यो ।
- आत्मालाई बलिदान चढाउन भन्यो ।
- काठ र पत्थरमा मानिस र जनावरहरूको आकृति खोपेर त्यसलाई बलिदान चढाउन भन्यो ।

१२. परमेश्वरले किन सबै मानिसहरू एकै ठाउँमा बसून भन्ने चाहनुभएन ?

- परमेश्वरले सबै मानिसहरू एकै ठाउँमा बसून् भन्ने चाहनुभएन ताकि उनीहरू परमेश्वरलाई बिर्सिऊन् ।

१३. मानिसहरूले बाबेलमा किन अग्लो धरहरा बनाउन सुरू गरे ?

- किनभने मानिसहरू धेरै घमण्डी थिए ।
- किनभने मानिसहरू तिनीहरूको आफ्नै नाम राख्न चाहन्थे ।

१४. जब मानिसहरूले धरहरा बनाउन सुरू गरे के परमेश्वरले देख्नुभएन ?

- देख्नुभयो ।

१५. के परमेश्वरलाई सबै मानिसहरूको सबै सोच थाहा हुन्छ ?

- हुन्छ ।

- कसैले केही कुरा सोच्न सुरू गर्नुभन्दा पहिल्यै उसको सोचको बारेमा परमेश्वरलाई पूर्ण रूपमा थाहा हुन्छ ।

१६. के परमेश्वरलाई मानिसको सबै शब्दहरू थाहा छ ?

- थाहा छ ।

- कसैले केही शब्दा भन्नुभन्दा पहिल्यै उसको शब्दहरूको बारेमा परमेश्वरलाई पूर्ण रूपमा थाहा हुन्छ ।

१७. के परमेश्वरलाई मानिसहरूको सबै काम थाहा छ ?

- थाहा छ ।

- कसैले केही काम गर्न सुरू गर्नुभन्दा पहिल्यै उसको कामको बारेमा परमेश्वरलाई पूर्ण रूपमा थाहा हुन्छ ।

१८. के परमेश्वर मानिसहरूको बारेमा बिर्सनुहुन्छ ?

- मानिसहरू के सोच्छन् भनेर परमेश्वर कहिल्यै बिर्सनुहुन्न ।

- मानिसहरू के भन्छन् भनेर परमेश्वर कहिल्यै बिर्सनुहुन्न् ।

- मानिसहरू के गर्छन् भनेर परमेश्वर कहिल्यै बिर्सनुहुन्न ।

- १९. किनभने हाम्रा पुर्खाहरूले परमेश्वरको आज्ञा मानेनन् त्यसकारण परमेश्वरले तिनीहरूलाई दण्ड दिने निर्णय गर्नुभयो, परमेश्वरले दिने निर्णय गर्नुभएको दण्ड के थियो ?

- परमेश्वरले मानिसहरूलाई भिन्न भाषा दिनुहुँदैथियो ताकि तिनीहरू एकले बोलेको अर्कोले नबुझून् ।

२०. सबै मानिसहरूलाई भिन्नभिन्न भाषाहरू दिइसकेपछि परमेश्वरले अरु के गर्नुभयो ?

- सबै मानिसहरूलाई भिन्नभिन्न भाषाहरू दिइसकेपछि परमेश्वरले मानिसलाई पृथ्वीको चारैतिर तितरवितर पार्नुभयो ।

२१. तपाईंका पुर्खाहरू अन्ततः कसरी यहाँ आइपुगे ?

- धेरैधरै वर्षको अन्तरालपछि तपाईंका पुर्खाहरू यहाँ पैदल हिँडेर अनि डुङ्गा चढेर यहाँ आइपुगे ।

- हाम्रा पुर्खाहरू जो नोआपछि बाँचेका थिए तिनीहरूले परमेश्वरको आज्ञा मानेनन् र बाबेलमा धरहरा बनाए ।

- तिनीहरूले शैतानको झूठ पछ्याए र परमेश्वरको सत्य पछ्याएनन् ।

- तिनीहरूले आफ्नै बाटो पछ्याए र परमेश्वरलाई अस्वीकार गरे ।

- यद्‌यपि हाम्रा पुर्खाहरूले परमेश्वरलाई अस्वीकार गरे तापनि के परमेश्वरले तिनीहरूलाई बचाउने निर्णयमा संशोधन गर्नुभयो ?
- गर्नुभएन ।
- यद्‌यपि हाम्रा पुर्खाहरूले परमेश्वरलाई अस्वीकार गरे तापनि के परमेश्वरले तिनीहरूका निम्ति उद्‌धारकर्ता पठाउने निर्णय संशोधन गर्नुभयो ?
- परमेश्वरले एकचोटि निर्णय गर्नुभएपछि त्यो सधैं कायम राख्नुहुन्छ ।
- अदनको बगैँचामा परमेश्वरले आदम र हव्वासँग उद्‌धारकर्ता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो ।
- परमेश्वरले उहाँको प्रतिज्ञा भङ्ग गर्नुहुनेछैन ।
- परमेश्वरले शेत र नोआ र हनकसँग उद्‌धारकर्ता पठाउँछु भनी प्रतिज्ञा गर्नुभयो ।
- परमेश्वरले उहाँको प्रतिज्ञा भङ्ग गर्नुहुनेछैन ।
- हाम्रा पुर्खाहरूले परमेश्वरलाई अस्वीकार गरे तापनि परमेश्वरले उद्‌धारकर्ता पठाउछु भनी गर्नुभएको प्रतिज्ञा संशोधन गर्नुभएन ।

- हाम्रा पुर्खाहरूले परमेश्वरलाई अस्वीकार गरे तापनि मानिसहरूलाई पापबाट बचाउन परमेश्वरले अझै पनि उद्धारकर्ता पठाउन चाहनुभयो ।
- हाम्रा पुर्खाहरूले परमेश्वरलाई अस्वीकार गरे तापनि मानिसहरूलाई मृत्युबाट बचाउन परमेश्वरले अझै पनि उद्धारकर्ता पठाउन चाहनुभयो ।
- हाम्रा पुर्खाहरूले परमेश्वरलाई अस्वीकार गरे तापनि मानिसहरूलाई शैतानबाट बचाउन परमेश्वरले अझै पनि उद्धारकर्ता पठाउन चाहनुभयो ।
- के मानिसहरू परमेश्वरलाई उद्धारकर्ता पठाउनबाट रोक्न सक्छन् ?
- सक्दैनन् ।
- के शैतान परमेश्वरलाई उद्धारकर्ता पठाउनबाट रोक्न सक्छ ?
- सक्दैन ।
- कसले परमेश्वरलाई उद्धारकर्ता पठाउनबाट रोक्न सक्छ ?
- कसैले पनि सक्दैन ।

- जब परमेश्वरले उद्धारकर्ता पठाउने भनी निर्णय गरिसक्नभयो भने अब कसैले पनि उहाँलाई रोक्न सक्दैन ।
- किनभने हाम्रा धेरैजसो पुर्खाले परमेश्वरलाई अस्वीकार गरेका थिए त्यसैले परमेश्वरले एकजना मानिसद्वारा उद्धारकर्ता पठाउने भनेर तिनलाई चुन्नुभयो ।
- परमेश्वरले चुन्नुभएका ती व्यक्तिको नाउँ अब्राम थियो ।
- परमेश्वरले अब्रामद्वारा उद्धारकर्ता पठाउने भनेर तिनलाई चुन्नुभयो ।
- परमेश्वरले किन अब्रामलाई तिनीद्वारा उद्धारकर्ता पठाउने भनेर चुन्नुभयो ?
- के परमेश्वरले अब्रामलाई यसकारणले चुन्नुभयो किनकि तिनले पाप गरेका थिएनन् ?
- होइन ।

- अब्राम पापी थिए ।
- अब्राम आदमका दरसन्तान थिए ।
- अब्राम पापमा जन्मेका थिए ।

- त्यसोभए परमेश्वरले किन अब्रामलाई चुन्नुभयो त ?

- अब्रामले परमेश्वर पवित्र हुनुहुन्छ भनेर विश्वास गरे ।
- अब्रामले तिनले पाप गरेका छन् भनेर विश्वास गरे ।
- अब्रामले तिनको पापले तिनलाई मृत्युमा पुऱ्याउँछ भनेर विश्वास गरे ।
- अब्रामले केवल परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भनेर विश्वास गरे ।
- अब्रामले परमेश्वरले उद्धारकर्ता पठाउनुहुनेछ भनी विश्वास गरे ।
- किनभने अब्रामले परमेश्वरमा विश्वास गरे त्यसैकारणले परमेश्वरले तिनीद्वारा उद्धारकर्ता पठाउन तिनलाई चुन्नुभयो ।
- अब्रामका पिताको नाउँ तेरेश थियो ।
- अब्राम शेतका दरसन्तान थिए ।
- के तपाईंलाई नोआका छोराहरूको नाउँ सम्झना छ ।
- शेम, हाम र येपेत ।
- अब्राम शेमका दरसन्तान थिए जो नोआका एकजना छोरा थिए ।

आउनुस् उत्पत्ति ११:२७ र २९-३० पद पढौं ।

[27] तेरह परिवारको इतिहास यही हो। तेरह अब्राम, नाहोर र हारानका बुबा थिए। हारान लूतका बुबा थिए।[29] अब्राम र नाहोरले विवाह गरे, अब्रामको पत्नीको नाउँ साराई र नाहोरकी पत्नीको नाउँ मिल्का थियो। मिल्का हारानकी छोरी थिईन र हारान मिल्का र इस्काका बुबा थिए। [30] साराईबाट कुनै सन्तान भएन कारण ऊ बाँझी थिईन।

- एकदिन अब्रामले विवाह गरे ।
- अब्रामले साराई नाउँ गरेकी महिलासँग विवाह गरे ।
- तर अब्राम र साराईका छोराछोरी थिएनन् ।
- अब्राम र साराईका किन छोराछोरी थिएनन् ?

- किनभने साराई बाँझी थिइन् ।
- अब्राम र साराई ऊरको शहरमा निवास गर्थे ।
- ऊरका बासिन्दाहरूले परमेश्वर र उहाँको सत्यमा विश्वास गर्दैनथे ।
- ऊरका बासिन्दाहरू शैतान र त्यसको झूठलाई पछ्याउँथे ।
- ऊरका बासिन्दाहरू अधर्मी मानिसहरू थिए ।

- अब्राम अझै ऊरमा बसोबास गरिरहेका थिए त्यसै समयमा परमेश्वर अब्रामकहाँ देखापर्नुभयो ।
- परमेश्वरले तिनीकहाँ देखापर्नुहुँदा के भन्नुभयो त्यो यहाँ लेखिएको छ ।

आउनुस् उत्पत्ति १२:१ पद पढौं ।

परमप्रभुले अब्रामलाई भन्नुभयो,

"तिम्रो देश र तिम्रा मानिसहरूलाई छोड,

र मैले देखाएको देशमा जाऊ।

- परमेश्वरले अब्रामलाई के गर्न आज्ञा दिनुभयो ?
- परमेश्वरले अब्रामलाई तिनको देश छोड्न आज्ञा दिनुभयो र परमेश्वरले तिनलाई जहाँ डोर्याउनुहुन्छ त्यहीँ जान भन्नुभयो ।
- परमेश्वरले किन अब्रामलाई तिनको देश र ऊर शहर छोड्न भन्नुभयो ?
- किनभने ऊरका बासिन्दाहरूले परमेश्वर र उहाँको सत्यमा विश्वास गर्दैनथे ।

- किनभने ऊरका बासिन्दाहरूले खाली शैतान र त्यसको झूठलाई पछ्याउँथे ।
- किनभने परमेश्वरले तिनलाई परमेश्वरमा विश्वास गर्ने मानिसका रूपमा अलग गर्न चाहनुभयो ।
- परमेश्वर अब्रामसँग कसरी बोल्नुभयो ?
- परमेश्वर अब्रामसँग उहाँको आवाजद्वारा बोल्नुभयो ।
- परमेश्वर अब्रामसँग उहाँको आवाजद्वारा बोल्नुभयो किनभने अब्राम बाँचेको समयमा परमेश्वरको बाइबल लेखिएको थिएन ।
- अहिले परमेश्वर हामीसँग कसरी बोल्नुहुन्छ ?
- आजभोलि परमेश्वर प्रायजसो हामीसँग उहाँको आवाजद्वारा बोल्नुहुन्न ।

- आजभोलि परमेश्वर धेरैजसो हामीसँग उहाँको पुस्तक बाइबलद्वारा बोल्नुहुन्छ ।
- उहाँको पुस्तक बाइबलमा पढेर हामी उहाँको वचन सुन्न सक्छौं ।
- हामी उहाँको पुस्तक बाइबल पढेर परमेश्वरले हामीलाई के भन्नुभएको छ भन्ने कुरा थाहा पाउन सक्छौं ।

- जब परमेश्वर अब्रामसँग बोल्नुभयो परमेश्वरले केही प्रतिज्ञा गर्नुभयो ।

- यहाँ परमेश्वरले अब्रामसँग गर्नुभएको प्रतिज्ञा लेखिएको छ ।

आउनुस् उत्पत्ति १२:२ पद पढौं ।

म तिमीलाई आशीर्वाद दिनेछु,

तिमीबाट महान् राष्ट्र बनाएर

प्रसिद्ध बनाउनेछु।

तब मानिसहरूले अरूलाई आशीर्वाद दिदाँ

तिम्रो नाउँ लिनेछन्।

- परमेश्वरले अब्रामसँग के प्रतिज्ञा गर्नुभयो ?

- पहिलो, परमेश्वरले अब्रामका धेरै दरसन्तानहरू हुनेछन् जो महान् बन्नेछन् भनी प्रतिज्ञा गर्नुभयो ।

- त्यस समयमा अब्राम र साराईका कति छोराछोरी थिए ?

- छोराछोरी नै थिएनन् ।

- अब्राम र साराईका किन छोराछोरी थिएनन् ।

- किनभने अब्रामकी स्वास्नी साराई बाँझी थिइन् ।

- यद्यपि अब्रामका छोराछोरी थिएनन् तर पनि परमेश्वरले अब्रामका दरसन्तानहरू धेरै हुनेछन् भनी प्रतिज्ञा गर्नुभयो ।
- दोस्रो, परमेश्वरले अब्रामलाई आषिश् दिनुहुनेछ भनी प्रतिज्ञा गर्नुभयो ।

- आउनुस् परमेश्वरले अब्रामलाई त्यसबाहेक अरू के प्रतिज्ञा गर्नुभयो पढौं ।

आउनुस् उत्पत्ति १२:३ पद पढौं ।

म तिमीलाई आशीर्वाद दिने मानिसहरूलाई आशीर्वाद दिनेछु,
अनि तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु।
पृथ्वीमा सबै मानिसहरूलाई आशीर्वाद दिनका लागि
म तिम्रो नाउँ प्रयोग गर्नेछु।"

- तेस्रो, परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो कि जसले अब्रामलाई आषिश् दिन्छ त्यसलाई उहाँले आषिश् दिनुहुनेछ तर जसले अब्रामलाई  सराप दिन्छ त्यसलाई उहाँले सराप दिनुहुनेछ ।
- चोथौ, परमेश्वरले अब्रामको एक दरसन्तानद्वारा सबै मानिसहरूलाई आषिश् दिनुहुनेछ भनी प्रतिज्ञा गर्नुभयो ।

- परमेश्वरले अब्रामको एक दरसन्तानद्वारा सबै मानिसहरूलाई आषिश् दिनेछु भनी गर्नुभएको प्रतिज्ञा सबैभन्दा बढी महत्त्वपूर्ण छ ।
- अब्रामका दरसन्तान को हुनुहुनेथियो, जसद्वारा सबै मानिसहरू आषिशित हुनेथिए ?
- उद्धारकर्ता ।
- उद्धारकर्ताले के गर्नुहुने थियो ?
- उद्धारकर्ता पापको शक्ति पराजित गर्न आउनुहुनेथियो ।
- उद्धारकर्ता मृत्युको शक्ति पराजित गर्न आउनुहुनेथियो ।
- उद्धारकर्ता शैतानको शक्ति पराजित गर्न आउनुहुनेथियो ।
- उद्धारकर्ता परमेश्वर र मानिसलाई फेरि एकपटक सँगै जुटाउन आउनुहुनेथियो ।

- उद्धारकर्ताले शैतानलाई पराजित गर्नुहुनेथियो र संसारका सबै मानिसहरूलाई आषिशित् पार्नुहुनेथियो ।
- के अब्रामले परमेश्वरको प्रतिज्ञामाथि विश्वास गरे ?
- गरे ।

- अब्रामले परमेश्वरले ढाँट्नुहुन्न भनी विश्वास गरे ।
- अब्रामले परमेश्वरले केवल सत्यमात्रै बोल्नुहुन्छ भनी विश्वास गरे ।
- परमेश्वरले अब्रामसँग प्रतिज्ञा गरिसकेपछि अब्रामले के गरे ?

आउनुस् उत्पत्ति १२:४-५

4 यसर्थ अब्रामले परमप्रभुले भन्नु भए अनुसार नै हारान छोडे अनि लूत तिनीसित गए। जब अब्रामले हारान छोडे त्यस समय तिनी पचहत्तर बर्ष पुगेका थिए। 5 अब्रामले आफ्नी पत्नी साराई, उसको भतिजो लूत, आफूसित भएका कमारा-कमारीहरू र हारानमा आफ्नो जे जति थियो लिएर कनान गए।

- अब्राम जहाँ बसोबास गर्थे त्यो देश छोडे र जहाँ परमेश्वरले तिनलाई डोर्‍याउनुभयो त्यो देशमा गए ।
- अब्रामलाई परमेश्वरले कहाँ डोऱ्याउनुभयो ?
- परमेश्वरले अब्रामलाई कनान नाउँ गरेको नयाँ भूमिमा लैजानुभयो ।
- अर्को पाठमा हामी कनानको भूमिमा अब्रामलाई के भयो भनी थाहा पाउनेछौं ।